# वराहपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रमाणीकरण मिति :** २०७५/०९/१५

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२२ बमोजिम गठित वराहपोखरी गाउँसभाले संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) बमोजिम वराहपोखरी गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम वराहपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन वराहपोखरी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले वराहपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले वराहपोखरी गाउँकार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त वराहपोखरी गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही वराहपोखरी गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।